म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २२७ शुक्रबार, २० चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 3 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ३४ जनाले गरे रक्तदान

हेटौंडा, १९ चैत/६९ औं राष्ट्रिय सहकारी दिवस-२०८२ को अवसरमा बुधबार हेटौंडामा रक्तदान कार्यक्रम भएको छ । राष्ट्रिय सहकारी दिवस मूलसमारोह समिति २०८२ को आयोजनामा भएको रक्तदानमा ३४ जनाले रक्तदान गरेका छन् ।

रक्तदान कार्यक्रममा ९ महिला र २५ जना पुरुषले रक्तदान गरेका हुन् । ६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ मूल समारोह समित संयोजक नारायणप्रसाद देबकोटाको अध्यक्षता तथा बागमती प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्रालय हेटौंडाका महाशाखाप्रमुख उमेशकुमार दाहालको प्रमुख आतिथ्यतामा रक्तदान भएको थियो ।

रक्तदान कार्यक्रम जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुर, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ, कृषि सहकारी संघ मकवानपुर, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ, राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखा र नेफ्स्कुन फिल्ड कार्यालय हेटौंडाको सहकार्यमा भएको थियो ।

# हेटौंडा सिमेन्ट आर्थिक संकटमा

## एक अर्ब ३६ करोड दायित्व, कर्मचारी १० महिनादेखि तलबविहीन

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग लामो समयदेखि चरम आर्थिक संकटमा गुज्रिरहेको छ । उद्योग संचालनको सम्भावना नदेखिएपछि उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले यसैसाता अध्यक्ष पदबाट राजिनामा दिएका थिए ।




उद्योग प्रशासनका अनुसार चालू आर्थिक वर्षमा गत भदौ १९ देखि २४ गतेसम्म जम्मा पाँच दिन मात्रै उद्योग सञ्चालनमा आयो । यसअवधिमा करिब दुई हजार पाँचसय मेट्रिकटन क्लिंकर र करिब ६० हजार बोरा सिमेन्ट उत्पादन भएको थियो । अहिले उद्योगमा करिब १२ हजार बोरा सिमेन्ट मौज्दात रहेको उद्योगका सूचना अधिकारी हरेराम आचार्यले जानकारी दिए । उद्योगले चैत्र १३ गते पुन: क्लिंकर उत्पादन प्रक्रिया सुरु गरेको छ । तर, कोइलाको मौज्दात भने सात-आठ दिनलाई मात्र पुग्ने छ । थप कोइलाको व्यवस्था गर्न प्रक्रिया सुरु भइसकेको उद्योगका सहायक प्रबन्धनिर्देशक भक्तिराम श्रेष्ठले बताए ।

उनका अनुसार गत फागुनमै तीन हजार मेट्रिकटन कोइला खरिदका लागि टेन्डर गरिएको र कोइला आउने क्रममा छ । थप ६५ सय मेट्रिकटन कोइला ल्याउन टेन्डर प्रक्रिया सुरु भइसकेको छ । कोइला ल्याउने प्रक्रिया सम्झौताको चरणमै रहेकाले कोइला आउने आसमा उद्योग सञ्चालन गरिएको श्रेष्ठले बताए । उद्योग अहिले करिब एक अर्ब ३६ करोड रुपैयाँ दायित्वमा डुबेको छ । यसमा कर्मचारीको तलब-भत्ता, अवकाशप्राप्त कर्मचारीको बक्यौता, सरकारलाई तिर्नुपर्ने कर तथा दस्तुर, कोइला र ढुवानीखर्च, चुनढुंगा ढुवानी तथा दैनिक ज्यालादारी मजदुरको भुक्तानीलगायत समावेश छन् । उद्योगमा कार्यरत एक सय ३६ स्थायी कर्मचारीले करिब १० महिनादेखि तलब पाएका छैनन् । यसबाहेक ज्यालादारी र करारका कर्मचारी पनि छन् । उद्योग सञ्चालनका लागि चैत १२ गतेपछि दैनिक ज्यालादारीमा थप ५० जना कामदार नियुक्त गरिएको सूचना अधिकारी आचार्य बताउँछन् । उद्योगका सहायक प्रबन्धनिर्देशक श्रेष्ठका अनुसार उद्योग सञ्चालनका लागि आवश्यक कच्चापदार्थ खरिद गर्न र बिग्रिएका मेसिनका पाटपुर्जा मर्मत गर्नसमेत रकम अभाव छ । तत्काल उद्योग सञ्चालन गर्न र खर्चसमेत उठ्न नसक्ने अवस्था आएपछि नयाँ प्रविधिको प्लान्ट जडान गर्न एक अर्ब ६० करोडको प्रस्ताव यसअघि नै उद्योग मन्त्रालयमा पठाइएको उनले बताए ।

दुई हजार आठ सयदेखि तीन हजार मेट्रिकटन दैनिक उत्पादन क्षमताको आधुनिक प्लान्ट जडान नगरेसम्म उद्योग दीर्घकालीनरुपमा टिक्न कठिन हुने उनको भनाइ छ । 'तीनचार वर्षअघि मात्र पनि दैनिक सवा करोडको कारोबार गर्दै आएको उद्योग सञ्चालन गर्न सकिँदैन भन्ने होइन,' उनले भने, 'समयानुकूल उद्योगका मेसिन परिवर्तन हुनुपर्‍यो, उत्पादन लागत कसरी घटाउने भन्नेतर्फ सबैको ध्यान जानुपर्‍यो, त्यसो भयो भने उद्योग फेरि पनि चलाउन सकिन्छ ।'

**उद्योगको अनुगमनमा प्रशासन**

विगत १० महिनादेखि कर्मचारीले तलब नपाएको गुनासो आएसँगै जिल्ला प्रशासन कार्यालय मकवानपुरको टोलीले उद्योगको अनुगमन गरेको छ । अनुगमनमा प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी, हेटौंडा उपमहानगर पालिकाका प्रशासकीय प्रमुख भरत गौतम तथा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख श्यामबहादुर खत्री सहभागी थिए । कर्मचारीले लामो समयदेखि बिनातलब काम गरिरहनुपरेको र उद्योग जोगाउने उद्देश्यले 'भोको पेटमा' काम जारी राखेको बताएका छन् ।

उद्योगका सहायक प्रबन्धक श्रेष्ठका अनुसार हाल उद्योगमा १ सय ३६ जना कर्मचारी कार्यरत छन् भने करिब २ सय ५३ कर्मचारीले असार महिनादेखि तलब पाउन सकेका छैनन् । उनले आफू ३५ वर्षदेखि उद्योगमा कार्यरत रहेको उल्लेख गर्दै लामो समयको सेवापछि पनि तलब नपाउनु दु:खद भएको बताए । उद्योगमा उत्पादित सिमेन्ट बिक्री भएर पनि कतिपय स्थानबाट रकम उठ्न बाँकी रहेको र हाल पुराना सिमेन्टको प्याकिङ कार्य भइरहेको जनाइएको छ ।

अनुगमनपछि प्रजिअ अधिकारीले कर्मचारीलाई कामप्रति प्रतिबद्ध रहन आग्रह गरे । उनले उद्योगमा अब कडा निगरानी राखिने र नियमित सञ्चालनमा ल्याउन सबै पक्ष जिम्मेवार हुनुपर्ने उल्लेख गरे । विसं २०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको यो उद्योगले विसं २०४३ सालदेखि ब्यावसायिकरुपमा सिमेन्ट उत्पादन सुरु गरेको थियो ।

# एसईई परीक्षा सुरु

## पाँच हजार दुईसय ७७ सहभागी, ८१ परीक्षार्थी अनुपस्थित

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/एसईई परीक्षाको पहिलो दिन मकवानपुरमा अंग्रेजी विषयको परीक्षामा साधारणतर्फ पाँच हजार दुईसय ७७ विद्यार्थी सहभागी भएका छन् ।



अंग्रेजी विषयको पहिलो दिनको परीक्षामा ८१ जना विद्यार्थी अनुपस्थित रहे । यस्तै प्राविधिकतर्फ एकसय ७९ जना विद्यार्थी सहभागी रहेभने चारजना विद्यार्थीले परीक्षामा सहभागिता जनाएनन् । यस्तै ग्रेडबृद्धीतर्फ १९७ परीक्षार्थीले सहभागिता जनाए भने ३६ परीक्षार्थी अनुपस्थित रहे । मकवानपुरमा सातहजार एकसय ९२ विद्यार्थीले परीक्षा फारम भरेका थिए । एकसय ५ सामुदायिक र ३७ वटा संस्थागत विद्यालयका विद्यार्थीले परीक्षा फारम भरी एसईई परीक्षामा सहभागिता जनाएका थिए ।

मकवानपुरमा २८ वटा विद्यालयमा परीक्षाकेन्द्र तोकीएको जिल्ला शिक्षा समन्वय ईकाई प्रमुख सुदीप गिरीले बताए । सरकारले यसवर्ष बैशाख महिनामै परीक्षाफल प्रकाशित गर्ने तयारी गरेपछि मकवानपुरका २० वटा परीक्षा केन्द्रले आज बिहीबार परीक्षा दिएका विद्यार्थीको उत्तरपुस्तिका परीक्षणको व्यवस्था मिलाएका छन् । अन्य केन्द्रले पनि छिट्टै परीक्षण गर्ने तयारी गरेको मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताएका छन् ।

**कैलाशका २२४ जना विद्यार्थीले दिए एसईइ परीक्षा**

मकवानपुरको कैलाश गाउँपालिकाको २२४ जना विद्यार्थीले माध्यमिक शिक्षा परीक्षा (एसईइ) परीक्षा दिएका छन् । नियमित र ग्रेडवृद्धि गरी २२४ जनाले परीक्षा दिएको गाउँपालिका शिक्षा शाखाप्रमुख समीर जोशीले बताए । विहीबारबाट सुरु भएको कैलाशका ६ वटा माध्यमिक विद्यालयमध्ये कालिका माविका विद्यार्थीले भूटनदेवी परीक्षा केन्द्रबाट परीक्षा दिएका छन् भने अन्य पाँच माविका विद्यार्थीले कैलाश-९ मा रहेको कालिका मावि परीक्षा केन्द्रबाट परीक्षा दिएको जोशीले बताए । कालिका माविलाई गतवर्षबाट कैलाश गाउँपालिकामा परीक्षा केन्द्र तोकिएको थियो ।

पालिकाभित्र अध्ययनरत विद्यार्थी मनहरी, थाहा र हेटौंडा पुगेर परीक्षा दिनुपर्ने बाध्यतालाई अन्त्य गर्दै गतवर्षबाट पालिकामै परीक्षा केन्द्र कायम गरिएको गाउँ शिक्षा समितिका संयोजक समेत रहेका गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बताए । 'भौगोलिक विकटताले केन्द्र आउन जान असज हुनाले हामीले परीक्षा दिने विद्यार्थीका लागि परीक्षा केन्द्र परिसरमै खाना र आवासको व्यवस्था गरेका छौं' अध्यक्ष मुक्तानले भने । कैलाशका ६ वटा विद्यालयबाट नियमिततर्फ एसईई परीक्षामा एक सय ४९ जना विद्यार्थीले परीक्षा दिएका छन् भने ग्रेडवृद्धिका लागि ७५ जना विद्यार्थी रहेको शाखा प्रमुख जोशीले बताए ।

कैलाशको कमलादेवी माविबाट नियमिततर्फ १५ जना, ग्रेडवृद्धितर्फ ५ जना, भवानी माविबाट नियमिततर्फ ३२ जना, ग्रेडवृद्धितर्फ १९ जना, व्यास माविबाट नियमिततर्फ ३७ जना, ग्रेडवृद्धितर्फ २३ जना रहेका छन् । यस्तै धुवाङ माविबाट नियमितर्फ १० जना, ग्रेडवृद्धितर्फ ५ जना, रत्नज्योति माविबाट नियमिततर्फ २१ जना र ग्रेडवृद्धितर्फ ११, कालिका माविबाट नियमिततर्फ ३४ जना, ग्रेडवृद्धितर्फ १२ जनाले परीक्षा दिएका छन् कालिका माविका विद्यार्थीले भने हेटौंडा-४ स्थित भुटनदेवी माविबाट परीक्षा दिएका छन् । कैलाशका नियमिततर्फ १४९ जना र ग्रेडवृद्धितर्फ ७५ जना गरी २२४ जना विद्यार्थीले परीक्षा दिएको जोशीले बताए । जसमा कालिका मावि परीक्षा केन्द्रमा नियमिततर्फ ११५ जना र ग्रेडवृद्धितर्फ ६३ जना गरी १७८ जनाले परीक्षा दिएका छन् ।

# विश्व अटिजम दिवसको सन्दर्भमा छलफल




हेटौंडा, १९ चैत/विश्व अटिजम दिवसको अवसरमा हेटौंडा-४ स्थित सेन्टर फर अटिजमले अटिजम भएका बालबालिकाका अभिभावकसँग छलफल तथा अन्तर क्रिया गरेको छ ।

हरिकृष्ण मैनालीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा अपाङ्ग महासंघ बागमती प्रदेशका सदस्य बद्रीविक्रम थापाको प्रमुख आतिथ्यता रहेको थियो । अटिजम भएका बालबालिकाको उचित हेर चाह, शिक्षा र पुन:स्थापनाका लागि अभिभावककै पहलमा स्थापना गरिएको अटिजम सेन्टरले प्रभावकारी सेवा दिँदै आएको छ । अभिभावकको सक्रियतामा चार वर्षअघि स्थापना गरिएको सेन्टरमा हाल ३२ जना बालबालिका अध्ययनरत छन् । आफ्ना सन्तानको भविष्यप्रति चिन्ता र जिम्मेवारी बोध गर्दै तीनजना अभिभावकको पहलमा सुरु भएको सेन्टर अहिले अभिभावककै सहयोगबाट सञ्चालन भइरहेको संस्थाकी सचिव अस्मिता कालिकाले जानकारी दिएका छन् ।

सेन्टरमा बालबालिकाको बौद्धिक तथा समग्र विकासका लागि व्यवहारिक सिकाइ, डेकेयर सेवा, स्पिच थेरापी, बिहेवियर थेरापी, अकुपेशनल थेरापी तथा अभिभावक शिक्षक काउन्सिलिङ जस्ता कार्यक्रम सञ्चालन भइरहेका छन् ।
साथै फिजियोथेरापी, योग तथा ध्यान अभ्यास पनि गराइन्छ । बालबालिकालाई दैनिक जीवनमा आवश्यक सीप जस्तै आफैं खाना खाने, कपडा लगाउने, सरसफाइ गर्ने र नियमित दिनचर्या पालना गर्ने अभ्यास गराइन्छ । सञ्चार सीप विकासका लागि शब्द उच्चारण, संकेतमार्फत संवाद, चित्र तथा कार्ड प्रयोग गरी बुझ्ने र अभिव्यक्त गर्ने अभ्यास गराइने गरिएको छ ।

त्यसैगरी आधारभूत लेखाइ पढाइ, रंग र आकार छुट्याउने, खेलमार्फत सिकाइ, समूहमा घुलमिल हुने तथा अनुशासन पालनाजस्ता गतिविधि पनि सञ्चालन भइरहेका छन् । प्रत्येक बालबालिकाको अवस्था र क्षमताअनुसार व्यक्तिगत सिकाइ योजना लागू गरिएको छ । सेन्टरका अनुसार हालसम्म सुधार भएका ५ जना बालबालिका विद्यालयमा भर्ना हुन सफल भएका छन् । सेन्टरमा बालबालिकालाई ग्रीन, रेड र एल्लो समूहमा वर्गीकरण गरी शिक्षण सिकाइ सञ्चालन गरिन्छ । नियमित थेरापीसँगै सेन्सरी थेरापी पनि गर्ने गरिएको छ । सेन्सरी थेरापीले बालबालिकाको व्यवहार सुधार, ध्यान केन्द्रित गर्ने क्षमतावृद्धि तथा दैनिक जीवन सहज बनाउन मद्दत गर्ने थेरापिष्ट ग्रिष्मा मैनालीले बताएका छन् ।

हाल सेन्टरमा १६ जना तालिमप्राप्त शिक्षक र २ जना थेरापिस्ट कार्यरत छन् । अटिजम स्नायु विकाससम्बन्धी समस्या हो, जुन बालबालिकाको विकास क्रममा देखिने गर्छ । अटिजम भएका बालबालिकामा सामाजिक सञ्चार र सामाजिक अन्तरक्रियामा समस्या हुनुका साथै व्यवहार एकोहोरो हुन्छ । अटिजम भएका बालबालिकामा अरुको बारेमा वास्ता नगर्ने, आँखामा आँखा जुधाएर कुरा नगर्ने, उमेर अनुसार बोल्न नसक्ने र कुनै व्यवहार बारम्बार गरिरहने जस्ता समस्या देखिन्छन् । अटिजमका लक्षण प्राय: २ वर्षको उमेरसम्ममा देखापर्छन् ।

हालसम्म अटिजमको निश्चित कारण यही नै हो भनेर पत्ता नलागे पनि विभिन्न अध्ययन, अनुसन्धानले मस्तिष्कको संरचना वा मस्तिष्कले गर्ने काममा समस्या हुनसक्ने औंल्याएका छन् । साथै वंशाणुगत, वातावरणीय प्रभावको कारणले पनि अटिजमको जोखिम बढाएको पाइएको छ ।

### सातै प्रदेशमा 'अटिजम नमूना विद्यालय' स्थापना गरिने


हेटौंडा, १९ चैत/सरकारले सातै प्रदेशमा अटिजम नमुना विद्यालय स्थापना गर्ने घोषणा गरेको छ । विश्व अटिजम सचेतना दिवस (अप्रिल २) को अवसरमा बिहिबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा आयोजित कार्यक्रममा सम्बन्धित अन्य मन्त्रालयका मन्त्रीहरु, सचिवहरु तथा सरोकारवाला निकायका प्रतिनिधिको बैठकले सातै प्रदेशमा एक-एक अटिजममा आधारित नमूना विद्यालय स्थापना गर्ने घोषणा गरेको हो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले अटिजम भएका बालबालिकालाई सहज, सरल र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यसहित सरकारले अटिजम नमूना विद्यालय स्थापना गर्न लागको जानकारी दिए । उनले नमूना विद्यालय स्थापनाको कार्यक्रमलाई तीव्ररुपमा कार्यान्वयन गर्ने बताए । शिक्षामन्त्री पोखरेलको अध्यक्षता र स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहताको उपस्थितिमा भएको कार्यक्रममा अटिजम तथा बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रत्येक प्रदेशमा सुविधासम्पन्न आवासीय विद्यालय सञ्चालन गर्ने योजना सार्वजनिक गरिएको छ ।


निर्माणाधीन विद्यालयको प्रगति विवरण पनि प्रस्तुत गरिएको थियो । सरकारले यस कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाउन विभिन्न मन्त्रालयबीच समन्वय गर्ने निर्णय गरेको छ । त्यसका लागि अवधारणापत्र तयार गर्न प्राविधिक समिति गठन गरिएको छ ।


## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-१, स्वर्गलोक अर्थोपेडिक अस्पताल पछाडि




सम्पर्क नं.
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)



साझाकुरा

## हाम्रो कुरा

# एसईई नतिजाको चुनौती

मकवानपुरमा यसवर्ष माध्यमिक शिक्षा परीक्षा (एसइइ) दिने परीक्षार्थीको संख्या घट्दो क्रममा देखिनु शिक्षाक्षेत्रका सरोकारवालाका लागि चिन्ताको विषय बनेको छ । विगत केही वर्षदेखि निरन्तर घट्दै गएको यो प्रवृत्तिले विद्यालय शिक्षा प्रणाली, जनसांख्यिक संरचना, बसाइँसराइ, तथा शैक्षिक नीतिको प्रभावसमेत उजागर गर्छ । यद्यपि, यही पृष्ठभूमिमा परीक्षा नियन्त्रक निकायले एक महिनाभित्र नतिजा सार्वजनिक गर्ने योजना अघिसार्नु सकारात्मक कदमकारुपमा स्वागतयोग्य पनि छ । परीक्षार्थी संख्या घट्नुका पछाडि बहुआयामिक कारण छन् । एकातिर, वैदेशिक रोजगारीका कारण परिवारसहित बसाइँसराइ बढ्नुले विद्यार्थी संख्या घटाएको छ । अर्कोतिर, निजी तथा आवासीय विद्यालयप्रति अभिभावकको आकर्षण, छिमेकी जिल्लामा पढ्न जाने प्रवृत्ति र कतिपय विद्यालयमा गुणस्तरीय शिक्षाको अभावले पनि स्थानीय तहमा परीक्षार्थी घटेको देखिन्छ । कक्षा ८ पछि विद्यालय छाड्ने दर अझै न्यून नहुनु गम्भीर संकेत हो । यी सबै कारणले विद्यालय शिक्षाको आधारभूत तहमा नै कमजोर कडी बनेको छ ।

यसप्रवृत्तिले दीर्घकालीन असर पार्न सक्छ । परीक्षार्थी घट्नु भनेको भविष्यका दक्ष जनशक्तिको आपूर्ति कमहुनु हो । स्थानीय अर्थतन्त्र, सामाजिक विकास र नेतृत्व निर्माणमा समेत यसको प्रभाव पर्छ । यसलाई केवल तथ्यांकको रुपमा होइन, नीतिगत चेतावनीकारुपमा बुझ्न आवश्यक छ । स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकबीच समन्वय बढाएर विद्यालयको आकर्षण, गुणस्तर र पहुँच सुधार्न अब ढिलाइ गर्नु हुँदैन । एसइइको नतिजा एक महिनाभित्र सार्वजनिक गर्ने योजनाले विद्यार्थी र अभिभावकको लामो प्रतीक्षा अन्त्य गर्ने अपेक्षा जगाएको छ । विगतमा नतिजा ढिलाइ हुँदा मानसिक तनाव, भर्ना प्रक्रिया अवरुद्ध हुने, र शैक्षिक क्यालेन्डर बिग्रने समस्या देखिँदै आएको थियो । समयमै नतिजा आएमा कक्षा ११ को भर्ना, विषय छनोट र भविष्यको योजना बनाउन सहज हुन्छ । यसले विद्यार्थीको मनोबल बढाउने मात्र होइन, शैक्षिक व्यवस्थापनलाई पनि अनुशासित बनाउँछ । छिटो नतिजा सार्वजनिक गर्ने नाममा मूल्यांकनको गुणस्तरमा सम्झौता हुनु भनेको गुणस्तरमा थप खतराको संकेत हो । यस्तो कदापि हुनुहुँदैन । उत्तरपुस्तिका परीक्षण पारदर्शी, निष्पक्ष र प्रविधिमैत्री हुनुपर्छ । त्रुटि न्यूनीकरणका लागि दोहोरो परीक्षण, नमुना पुनरावलोकन, उजुरी व्यवस्थापन प्रणाली मजबुत बनाइनुपर्छ । समय र गुणस्तरबीच सन्तुलन कायम गर्न सकिएन भने छिटो नतिजा सार्वजनिक गर्नु आफैंमा समस्या बन्न सक्छ । घट्दो परीक्षार्थी संख्या र नतिजा छिटो सार्वजनिक गर्ने योजना एक सिक्काका दुई पाटा हुन् । एकातिर समस्याको पहिचान छ भने अर्कोतिर सुधारको अवसर । अब आवश्यक छ–स्थानीय तहले विद्यालयमा सिकाइको वातावरण सुधार्ने, शिक्षकको क्षमता विकास गर्ने, प्रविधिको प्रयोग बढाउने र अभिभावकलाई विद्यालयसँग जोड्ने ठोस कार्यक्रम ल्याउनु । विद्यार्थीलाई विद्यालयमै टिकाइराख्न परामर्श, करिअर मार्गदर्शन र सह-पाठ्यक्रम गतिविधिमा जोड दिनुपर्छ ।

शिक्षा केवल परीक्षा र नतिजासम्म सीमित हुँदैन । एसइइको नतिजा समयमै आउनु प्रशंसनीय कदम हो तथापि, त्यससँगै विद्यालय शिक्षाको आधार मजबुत बनाउने दीर्घकालीन रणनीति अपरिहार्य छ । यो चुनौतीलाई अवसरमा बदल्न सकेमात्र घट्दो परीक्षार्थी संख्या रोकिनेछ र गुणस्तरीय शिक्षाको मार्ग प्रशस्त हुनेछ । पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको छ र उत्तरपुस्तिका पनि परीक्षा केन्द्रमै परीक्षण सुरु भएको छ । राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईइ) को उत्तरपुस्तिका परीक्षण सम्बन्धित परीक्षा केन्द्रबाटै गर्ने निर्णय गरेपछि यो वर्ष नयाँ अभ्यास थालनी भएको छ । एक महिनाभित्र नतिजा सार्वजनिक गर्ने योजनाअनुसार परीक्षा जहाँ भएको हो, त्यहीँबाट उत्तरपुस्तिका परीक्षण गर्न लागिएको हो । जुन परीक्षा केन्द्रमा शिक्षक नभएमा वा असुरक्षित महसुस भएमा शिक्षा विकास तथा समन्वय एकाइले सहजीकरण गरेर अर्को ठाउँबाट परीक्षण गर्ने व्यवस्था मिलाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत २१ गते शनिबार ४ अप्रिल २०२६ । द्वितिया, बैशाख कृष्णपक्ष । चौलागा ११४६ ने.सं. । सूर्योदय ५:५५ सूर्यास्त ६:२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कामको उचित प्रतिफल पाइनेछ | **तुला** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| **वृष** | : धन आर्जन हुनेछ | **वृश्चिक** | : अधुरा योजना पूरा हुने देखिन्छ |
| **मिथुन** | : काम बन्नाले उत्साह जाग्नेछ | **धनु** | : भाग्योदयको समय रहनेछ |
| **कर्कट** | : दोहोरो लाभ मिल्नेछ | **मकर** | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| **सिंह** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **कुम्भ** | : काममा उत्साह बढ्नेछ |
| **कन्या** | : पारिवारिक समस्या आउनसक्छ | **मीन** | : प्रेमको बन्धन कसिनेछ |

# ओलीसँगै ढलेको युगको चिरफार



✍ कपिल काफ्ले

शीर्षक पढ्दै झोक चल्यो होला कतिलाई । 'केपी शर्मा ओलीको युग' ढलेको देखेकोमा चित्त बुझेन होला । लोकतन्त्रवादी र प्रगतिशील भनेर आफूलाई आधुनिक समयसापेक्ष बताइरहेका व्यक्तिहरु आफ्नो विश्वास ढलेको कसरी स्वीकार गर्थे' तर, यथार्थ के हो भने- अब फेरि झोले राजनीति, नेपो-बेबी प्रवृत्ति, चन्दा-कमिनि-बिचौलियाको चलखेल केपी ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्डकै पालामा जस्तो फर्केर आउने छैन । नवगठित बालेनको सरकारले यो काम गर्न सकेन भने जनताले अझ सबल विकल्प खोज्छन्, तर ओली युगमा कदापि फर्किंदैनन् ।

व्यक्ति-व्यक्तिको प्रवृत्ति बनेका कतिपय अभ्यासहरु एकैपटक निखारिने छन् भनेर दाबी गर्न त सकिन्न तर, ओलीको युगमा जस्तो त्यसको व्यापकता कायम रहने छैन । जनताको चेतनाले नै त्यस्ता व्यवहारहरुलाई जलाएर ध्वस्त बनाउनेछ । कम्युनिस्ट हुँ भन्ने तर अधिनायकवादी र छाडा चरित्रको अभ्यास गर्ने नेताहरुको युग गर्लम्मै ढलेकै हो । जस्तो, केपी ओलीले आजसम्म राजावादी राप्रपाका नेतालाई सूर्य चिन्ह लिएर आफ्ना कार्यकर्तालाई हात कमाउँदै भएपनि स्वस्तिक छाप लगाउनै पर्ने बाध्यता किन सिर्जना गरेँ भनेर स्पष्टीकरण दिएका छैनन् ।

संविधानमै नभएको प्रावधान खडा गरेर दुई-दुईपटक संसद् विघटन गरेको कारण पनि खुलाएका छैनन् । मीनबहादुर गुरुङबाट अर्बौंको चन्दा लिनुपर्ने र दिनेले दिनुपर्ने कारण पारदर्शी गरेका छैनन् । तत्कालीन माओवादी नेता प्रचण्डसँग प्रधानमन्त्रीको कुर्सी बाँड्ने सर्तमा पार्टी मिलाएर प्रतिनिधिसभामा दुई तिहाइ बहुमत बनाएको तर, ओलीले कुर्सी छोड्न नचाहेका कारण एकता भंग भएको यथार्थ आजसम्म किन लुकाइयो ? कसैलाई थाहा छैन । सैद्धान्तिक धरातलको सट्टा कुर्सीको खेलका आधारमा राजनीति गर्ने अनि मार्क्सवादी हुँ भन्ने पाखण्ड ढल्नै पर्थ्यो, ढल्यो । यसमा कुनै प्रगतिशील र लोकतन्त्रवादीले दु:ख मान्नु आवश्यक छैन । किनभने त्यो न लोकतन्त्र थियो, न प्रगतिशीलता ।'

परिवर्तनको स्वरुप सधैँ एकनास हुँदैन, वि.सं. १९०३ मा देश र जनतालाई बिर्सेर राजपरिवारभित्रका सदस्यहरुले जुन आन्तरिक कलहमा समय बिताउने अभ्यास गरे, त्यसको तुलनामा जंगबहादुर राणा प्रगतिशील देखिए । आजको समयले जंगबहादुरलाई जति अधिनायकवादी ठाने पनि उनी परिवारभित्र शासनका लागि हत्या-हिंसा गर्ने शासकभन्दा प्रगतिशील थिए । यद्यपि उनको परिवारले १०४ वर्ष शासन गर्दा पुन: दरबारलाई नै विषमा डुबायो, मन नपरेको पात्र कि त विष खान बाध्य हुन्थ्यो, कि काठमाडौं उपत्यकाका चार भन्ज्याङ काटेर रुँदै पलायन हुन लाचार, सत्ताको उन्मादले राणा शासकलाई समयसँगै परिवर्तित हुन दिएन, यसको विपरित वि.सं. १९९७ मा गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथचन्दको निर्मम हत्या गर्ने कुबुद्धि पलायो । हरेक पुराना शक्तिलाई आफु ठीक छु, मेरो सत्ता ठीक छ भन्ने भ्रम हुन्छ ।

आजका पुराना शक्ति केपी ओलीलाई संविधान मिचेर काम गरेपनि, पार्टीको हित चाहने नेता-कार्यकर्तालाई निष्कासन गरेपनि, सिद्धान्तबाट च्यूत भएपनि आफु गलत छु भन्ने कहिल्यै लागेन । आज नयाँ शक्तिले घिसारेर जेलको ढोकामा पुऱ्याएको छ, तर उनलाई आफुबाट गल्ती भएको अनुभूति नै छैन । उनका साथमा उनका निकटस्थहरु अहिले पनि सात सालको दिल्ली सम्झौतापछि मोहन शम्शेरले गरेका गल्तीहरु दोहोऱ्याइरहेका छन् ।

त्यसो त, राणा शासकहरु ठीक थिए भन्नेहरु दशकौंसम्म बाँचिरहेका हुँदा रहेछन् । राणा शासन देखेका कतिपय वयोवृद्ध व्यक्तिलाई तपाईंले आज पनि बहुदलभन्दा राणा शासन ठीक थियो भन्ने गरेको पाउनुहुनेछ । पिञ्जडामै अभ्यस्त सुगालाई जंगलको स्वतन्त्रता असुरक्षित लाग्दो रहेछ । अहिले एमालेका अध्यक्ष ओलीका समर्थनमा सडक तताउने बहादुरहरु त्यही सुगाको नियतीमा छन् । यद्यपि उनीहरुलाई आफू प्रगतिशील भएको अनि बालेन सरकार प्रतिगमनकारी रहेको भ्रम छ । यस्तै पात्रहरुले जेनजी आन्दोलनलाई प्रतिगमनकारी भन्दै भाषण ठोकेकै हुन् ।

निर्वाचित सरकारलाई अपदस्थ गरेकोमात्र देखे उनीहरुले, तर किन अपदस्थ हुनुपऱ्यो भनेर विश्लेषण गर्न सकेनन् । कम्युनिस्टहरु वस्तुवादी हुन्छन्, वैज्ञानिक प्रमाणका आधारमा निर्णय लिन्छन्, द्वन्द्वात्मक भौतिकवादलाई विकासको आधार र अनिवार्य कडी मान्छन् भन्ने आदर्श उनीहरुले बिर्सिसके । मूल नेता ओलीले नै पाइला-पाइलामा ती सिद्धान्त र आदर्श बिर्सेका कारण उनका अनुयायीले सम्झिरहन आवश्यक पनि ठानेनन् । फेरि ओली 'माई वे इज आई वे, त्यस वेमा नहिँड्ने सबै खेर गए' वाला व्यक्ति परे ।

उनलाई आलोचना गर्ने, सच्याउने र गल्ती देखाउने कुनै एक नेतालाई पनि उनले पार्टीभित्र सहेनन् । यसरी हेर्दा ओली प्रवृत्ति नै द्वन्द्वात्मक भौतिकवाद विपरित देखियो । तर, आजको मितिसम्म पनि ओली र उनका भजन मण्डलीलाई आफ्नो कमजोरी अनुभूत छैन । दिल्ली सम्झौतापछि प्रधानमन्त्री बनेका श्री ३ महाराज मोहन शमशेर जबरालाई पनि थिएन ।

वि.सं. २००७ फागुन ७ गते राणा शासन अन्त्यको घोषणा गरियो । तर, देशको बागडोर भने राणा प्रधानमन्त्री मोहन शम्शेरकै हातमा दिइयो । उनी मात्र होइन, बबर शम्शेर, सुवर्ण शम्शेर पनि मन्त्रिमण्डलमा थिए । उनीहरु गृहमन्त्री बनेका विश्वेश्वरप्रसाद कोइरालालाई पाखा लगाएर आफ्नो पुरानो विरासत फर्काउने दाउमा थिए । तर, समयको माग परिवर्तनको पक्षमा थियो, राणा शासनको पक्षमा थिएन । उनीहरु सफल भएनन् । आज केपी ओली पुरातन सत्ताको प्रतिनिधिका रुपमा छन्, उनलाई परिवर्तन स्वीकार गर्न त सहज हुन्न, जसरी सात सालको परिवर्तनमा राणाहरुलाई भएको थिएन, तर अब ओली प्रवृत्तिको पुनरागमन हुन सक्तैन । कुनै राजनीतिक नियुक्तिका लागि व्यक्तिको योग्यता र दक्षताभन्दा बढी उसले पार्टी र आफूलाई कति दाम चढायो भनेर ओलीले हेरेका थिएनन् ? त्यस प्रकारको सोच ढल्नै पर्थ्यो, होइन र ?

पञ्चायती व्यवस्था र राजतन्त्र ढलेर आएको संघीय लोकतान्त्रिक गणतन्त्र परिवर्तन गर्नुपर्ने प्रणाली होइन । यसभित्र रहेर गलत काम गर्ने व्यक्ति र व्यवहार परिवर्तन भए पुग्छ । २०८२ सालमा नेपालमा त्यही भयो । अब भ्रष्टाचार प्रवर्द्धन गर्ने किसिमको राजनीतिक दलको संरचना परिवर्तन हुनुपर्छ । पैसा खर्च गर्ने उम्मेदवारले मात्र जित्ने निर्वाचन पद्धतिमा सुधार हुनुपर्छ । राज्यले नसहने संघ र प्रदेशमा परिवर्तन ल्याउनुपर्छ । लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र नै हो । यसबाट तल झर्ने सम्भावना नै छैन । जनतामा आएको आधुनिक चिन्तन, डिजिटल युगमा आधारित सोच र भ्रष्टाचारमुक्त हुने नागरिकको लक्ष्यलाई सही अर्थमा सम्मान गर्ने शासक आजको आवश्यकता हो ।

पुराना राजनीतिक दलले तीन दशकसम्म पनि यस दिशामा काम गर्न सकेनन् । त्यसैले उनीहरु ढले । उनीहरुलाई उठाउन एकथरी हरसम्भव प्रयास गरिरहेका छन् । तर, परिवर्तन हुन नसक्ने पात्रलाई उठाउनु समयको बर्बादी मात्र हो । तुलनात्मकरुपमा गगन थापा नेतृत्वका नेपाली कांग्रेस समयको पहिचानका साथ उभिएको छ । विगतका कमजोरीहरु पहिचान गर्दै जनतामा जाने तयारीमा छ । ओलीसँग नेकाका नेता तत्कालीन गृहमन्त्री रमेश लेखक पनि गिरफ्तार भएको सर्वविदित छ, तर नेकाले सडक आन्दोलनको आवश्यकता देखेन । हामीलाई छोयौ भने गृहयुद्ध हुन्छ भनेर धम्की पनि दिएन । नवनिर्वाचित सरकारले कानुनी कारबाहीका लागि गिरफ्तार गरेकोमा कानुनी तरिकाले नै प्रतिवाद गर्नु पर्याप्त हुने उसले महसुस गऱ्यो । लोकतान्त्रिक संस्कार देखायो ।

वास्तवमा नेपाल कम्युनिस्ट पार्टी वा नेपाली कम्युनिस्ट पार्टी नाम राखेर स्वनामधन्य अनुभूति गर्ने दल र त्यसका नेताले संसारका हरेक वस्तुको आयु हुन्छ, कम्युनिजमको पनि आयु थियो, त्यो सकियो भनेर बुझ्नु आवश्यक देखिन्छ । छिमेकी चीनमा कम्युनिजम सफल भयो, त्यसैले हामीकहाँ पनि हुन्छ भनेर 'कम्युनिजम' च्यापिराख्नु वस्तुवादी देखिन्न । अनुशासित नेताले सञ्चालन गरेको कम्युनिस्ट पार्टी सत्तामा गएर उसले सर्वहारा वर्गको अधिनायकत्व चलाउने त्यस व्यवस्थाको जो मूल सिद्धान्त हो, त्यो नेपालमा सम्भव छैन । कुनै पनि प्रकारको अधिनायकत्व नेपालीलाई अस्वीकार्य छ । भौगोलिक यथार्थले पनि त्यस प्रकारको अधिनायकत्व सम्भव छैन । लोकतन्त्र र मानवअधिकार, स्वतन्त्र निर्वाचन पद्धति, अभिव्यक्ति स्वतन्त्रतालाई दाउमा राखेर नेपालमा कसैले पनि त्यस प्रकारको अधिनायकत्व स्वीकार्दैन । त्यसैले, कम्युनिजम स्मरण गराउने स्वनामधन्य दलहरुले नयाँ न्वारन गरेर नाम फेरेपछि मात्र नागरिक कहाँ पुग्नु आवश्यक छ ।

विश्वमा कम्युनिस्ट शासनको अवस्था हेर्दा पनि कम्युनिजमको भविष्य देखिँदैन । करिब दुई सय मुलुकको यस संसारमा केवल पाँच देशमा कम्युनिस्ट पार्टीको सरकार छ । चीन, भियतनाम, लावस, उत्तर कोरिया र क्युबा । बहुदलीय प्रजातन्त्र भएको मुलुक भार तसँग खुला सिमाना रहेको नेपाल कम्युनिस्ट मुलुक हुनै सक्तैन । अरु पनि दर्जनौं कारण छन्, जसले कम्युनिजम सम्भव नहुने प्रमाणित गर्दछन् । तर, केपी ओली, पुष्पकमल दाहाल, माधव नेपाल आदिलाई लाग्छ, यस नामका साथ मत माग्न गयो भने जनताले पत्याउँछन् । तर, यो मात्र उनीहरुको भ्रम हो । छिमेकी भारतको पश्चिम बंगालले सत्य प्रमाणित गरिसकेको छ, अब कम्युनिस्ट नाम बोकेर भोट माग्न कोही नआउनु भन्ने सन्देश दिइसकेको छ ।

विश्वमा संघीय लोकतान्त्रिक व्यवस्थाकै बाहुल्य देखिन्छ । विश्वका २५ मुलुक जसमा करिब ४ अर्ब व्यक्ति छन्, त्यहाँ संघीय व्यवस्था छ । बरु राजतन्त्र भएका मुलुकको संख्या कम्युनिस्ट मुलुकभन्दा निकै बढी छ- ४० भन्दा बढी मुलुकमा राष्ट्रप्रमुख राजा वा रानी छन् । यसरी हेर्दा, नागरिकहरु कम्युनिजमभन्दा राजतन्त्रलाई निकै मनपराउँदा रहेछन् ।

हो, कुनै बेला मुलुकको असीम विपन्नताबाट माथि उठ्न नागरिक स्वतन्त्रतालाई बेवास्ता गर्दै कम्युनिजम सिद्धान्त बोकेर भौतिक वा आर्थिक विकासमा फड्को मार्ने काम हुनु अस्वाभाविक थिएन । त्यसो त, स्वयं ओली-प्रचण्डहरुमा पनि मानवीय विकासलाई बेवास्ता गर्दै भौतिक विकासका लागि मुलुकको ढोका थुनेर जनतालाई गोरुजस्तो जोत्ने परिकल्पना छ जस्तो लाग्दैन । उनीहरुले केवल 'एउटा नाम त हो' भन्ने सोचेर धनी मानिसको नाम पनि 'गरिबदास' राखिदिएका हुन् । तर, जनता अब यथार्थलाई प्राथमिकता दिन्छन्, कुनै प्रकारको दोहोरो मापदण्ड मन पराउँदैनन् । त्यसैले बालेन साहसँग प्रतिस्पर्धा गर्ने हो भने कम्तीमा बाबुराम भट्टराईसम्मको परिवर्तन त उनीहरुले आफूमा ल्याउनै पर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सरकारी पैसा खर्च नगरी फिर्ता हुनसक्छ सहकारीपीडितको निक्षेप



✍ बद्रीकुमार गुरागाईं

नेपालको सहकारी आन्दोलन सामाजिक अभ्यासबाट जन्मिएको हो र १९५० को दशकपछि औपचारिक मान्यता पाएर संस्थागत रूप लिएको छ । सहकारीले ग्रामीण अर्थतन्त्रमा वित्तीय समावेशीकरण गराएको छ तर नियमनको कमजोरीले दुरुपयोग र संकट निम्त्याएको छ । डिपोजिट रिफन्ड फ्यासिलिटी फन्ड (डीआरएफएफ) मार्फत् निक्षेप फिर्ता प्रक्रिया सुरु गरिएको छ, जसले सरकारी ढुकुटी नछोई समाधान दिन्छ ।

नेपालको सहकारी आन्दोलन आधुनिक राज्य संरचनाभन्दा धेरै अघि विकसित भएको सामाजिक अभ्यासबाट जन्मिएको हो । औपचारिक बैंकिङ प्रणाली सीमित शहरी केन्द्रमा केन्द्रित रहँदा ग्रामीण समुदायहरूले आफ्नै श्रम, विश्वास र आपसी सहयोगमा आधारित आर्थिक संरचनाहरू विकास गरे। किसान समूह, गुठी र परम्परागत ऋण-बचत प्रणालीहरू नै आजको सहकारी आन्दोलनका ऐतिहासिक जरा हुन् । यसले समुदायलाई आत्मनिर्भर बनायो, कठिन समयमा सहारा दियो र सीमित स्रोतलाई सामूहिक रूपमा परिचालन गर्ने संस्कार विकास गऱ्यो ।

१९५० को दशकपछि राज्यले सहकारी प्रणालीलाई औपचारिक मान्यता दिएसँगै यसले संस्थागत रूप लिन थाल्यो । सहकारी ग्रामीण विकास, कृषि उत्पादन र गरिबी न्यूनीकरणका प्रभावकारी साधनका रूपमा स्थापित भयो । सहकारी ऐनका प्रारम्भिक मर्म भनेको सामूहिक उत्तरदायित्व, एक सदस्य-एक मत र नाफाभन्दा सेवाको प्राथमिकता थियो, जसले सहकारीलाई बैंकिङ प्रणालीभन्दा मौलिकरूपमा फरक बनायो ।

बैंक प्रणाली पूँजी र जोखिम नियन्त्रणमा केन्द्रित हुन्छ तर, सहकारी प्रणाली मानिस र आपसी विश्वासमा टिक्छ । बैंक जोखिम घटाउन खोज्छ, सहकारी जोखिम बाँड्छ । यही कारण सहकारी संस्थाहरू ती समुदायमा फस्टाए जहाँ बैंकिङ प्रणाली पुग्न सकेको थिएन । सहकारीले श्रमिक, किसान, महिला र साना उद्यमीहरूलाई वित्तीय पहुँचमात्र होइन, आर्थिक आत्मनिर्भरता र सामाजिक पहिचान पनि दियो ।

तर, यही मानव-केन्द्रित संरचना समयक्रममा कमजोरीमा परिणत भयो । विश्वासमा आधारित प्रणालीमा कडा नियमन, जोखिम व्यवस्थापन र व्यावसायिक अनुशासन विकास नभएपछि दुरुपयोगको सम्भावना बढ्दै गयो । यही कारण सहकारीको दर्शन नबुझी संकटको समाधान खोज्नु सम्भव छैन ।

सहकारीले ग्रामीण अर्थतन्त्रमा गहिरो परिवर्तन ल्यायो । कृषि उत्पादन बढ्यो, किसानले बीउ, मल र उपकरण किन्न सके, महिला बचत समूहहरू आर्थिक गतिविधिको केन्द्र बने । धेरै जिल्लामा सहकारी नै स्थानीय विकासको मुख्य इन्जिन बन्यो । तर, यस सफलताको आडमा राज्यले सहकारीलाई वित्तीय संस्थाभन्दा बढी सामाजिक संस्था ठानेर जोखिम व्यवस्थापन प्रणालीलाई प्राथमिकतामा नराख्नु ठूलो भूल सावित भयो । यही भूल आजको संकटको आधार बन्यो ।

### वित्तीय समावेशीकरणदेखि वित्तीय जोखिमसम्म

नेपालमा वित्तीय समावेशीकरणको काम बैंकभन्दा बढी सहकारीले गरे । बैंकिङ प्रणालीले न्यूनतम निक्षेप, पर्याप्त जमानत र स्थायित्व खोज्दा गरिब, किसान र अनौपचारिक क्षेत्रका नागरिक बाहिर परे । सहकारीहरूले समूह जमानी, सामाजिक चिनजान र आपसी पहिचानलाई कर्जाको आधार बनाए । यसले महिलाहरू, दलित, आदिवासी जनजाति र गाउँका साना उद्यमीहरूलाई वित्तीय प्रणालीमा प्रवेश गरायो । तर, यही सफलतासँगै अर्को गम्भीर समस्या जन्मियो । सहकारीहरूले क्रमश: बैंकजस्तै काम गर्न थाले । ठूलो मात्रामा निक्षेप संकलन, दीर्घकालीन कर्जा र ब्याजदर प्रतिस्पर्धा । तर बैंकजस्तै नियमन प्राप्त गरेनन् । अर्बौं रुपैयाँ परिचालन गर्ने सहकारी पनि गाउँस्तरको नियमनमै सीमित रहे । सहकारी बैंकजस्तै बने, तर, बैंकसरह सुरक्षा संरचना विकास भएन । बचतकर्ताले बैंकस्तरकै सुरक्षा अपेक्षा गरे, तर प्रणालीसँग त्यो क्षमता थिएन । यस अर्थमा सहकारी संकट असफलताको होइन, अनियन्त्रित सफलताको परिणाम हो ।

### संकटको मूल कारणः व्यक्तिमात्र होइन, प्रणालीगत कमजोरी

सहकारी संकटलाई केही खराब व्यक्तिको गल्तीका रूपमा बुझ्नु सतही विश्लेषण हुन्छ । यो संकट संरचनागत कमजोरी, नीतिगत अस्पष्टता र नियमनको असन्तुलनको दीर्घकालीन परिणाम हो । सानो गाउँस्तरीय सहकारी र अर्बौं कारोबार गर्ने सहरी सहकारीलाई एउटै कानुनी ढाँचामा राखियो । संस्थाले के गर्छ भन्ने आधारमा होइन, नाम र ऐनको आधारमा नियमन गरियो ।

बैंक जोखिम घटाउन खोज्छ, सहकारी जोखिम बाँड्छ । यही कारण सहकारी संस्थाहरू ती समुदायमा फस्टाए जहाँ बैंकिङ प्रणाली पुग्न सकेको थिएन । नियामकीय जिम्मेवारी केन्द्रीय, प्रादेशिक र स्थानीय तहमा बाँडिए पनि स्पष्ट जवाफदेहिता तय भएन । यसले दोषारोपणको संस्कार पैदा गऱ्यो र समस्याग्रस्त सहकारीले नियमनबाट उम्किने ठाउँ पाए ।

भित्रतर्फ, धेरै सहकारीमा सञ्चालक समिति अत्यन्त शक्तिशाली बन्यो र आन्तरिक नियन्त्रण कमजोर रह्यो । साधारणसभा, लेखा समिति र जोखिम मूल्याङ्कन औपचारिकतामा सीमित भए । कर्जा स्वीकृतिमा स्वार्थको द्वन्द्वलाई बेवास्ता गरियो । सहकारीको पैसा आफ्नै व्यवसायमा लगाउने, मुनाफा व्यक्तिगत बनाउने तथा घाटाको भार सहकारीलाई बोकाउने व्यवहार रोकिएन । रियल-इस्टेटमा गरिएको अत्यधिक लगानीले संकटलाई प्रत्यक्षरूपमा विस्फोट गऱ्यो । बचतकर्ताको पैसा अल्पकालीन थियो, तर लगानी दीर्घकालीन, अचल र बजार घट्नेबित्तिकै तरल नहुने खालको थियो । बजार सुस्तिँदा नगद सकियो र निक्षेप फिर्ता रोकियो । यही बिन्दुबाट निक्षेप संकट सुरु भयो ।

### संकटको वास्तविक मूल्यः मानवीय र लोकतान्त्रिक चोट

सहकारी संकटलाई केवल अर्बौं रुपैयाँको हानिका रूपमा हेर्नु पर्याप्त छैन । यसको गहिरो प्रभाव मानिसको जीवनमा परेको छ । सहकारीका बचतकर्ताहरू जोखिम खोज्ने लगानीकर्ता थिएनन् । उनीहरूले शिक्षा, उपचार र बुढेसकालका लागि सानो-सानो बचत गरेका थिए । जब निक्षेप फिर्ता भएन, पैसामात्र होइन, जीवन योजना नै ध्वस्त भयो।

मानसिक तनाव, आत्मदोषभावना, पारिवारिक विघटन र सामाजिक अविश्वास बढेको छ । महिलाहरू विशेष गरी प्रभावित छन्, किनकि सहकारी महिला वित्तीय आत्मनिर्भरताको प्रमुख आधार थियो । सबैभन्दा गहिरो असर लोकतान्त्रिक भरोसामाथि परेको छ। 'नियम थिए भने किन लागू भएनन्' भन्ने प्रश्नले लोकतन्त्रको आधारभूत वाचा 'नागरिक सुरक्षा'माथि चुनौती दिएको छ । सहकारी पीडितहरूको आन्दोलन पैसाका लागिमात्रै होइन, आफ्ना कुरा सुन्ने कोही छैनन् भन्ने अनुभूतिका विरुद्धको प्रतिरोध हो ।

### मूल प्रश्नः निक्षेप कसरी फिर्ता गर्ने ?

यहीँबाट लेखको केन्द्रीय प्रश्न सुरु हुन्छ –समस्याग्रस्त सहकारीका बचतकर्ताको पैसा कसरी फिर्ता गर्ने ? सबै पैसा तुरुन्त फिर्ता गर भन्ने माग मानवीय रूपमा बुझ्न सकिन्छ, तर नीतिगत रूपमा खतरनाक छ । राज्यले सबै रकम तिऱ्यो भने करदाताको पैसा निजी संस्थाको असफलताको मूल्य तिर्नमा खर्च हुन्छ । अर्कातर्फ राज्यले केही नगरे बचतकर्ता असहाय हुन्छन् र सामाजिक अस्थिरता बढ्छ । समाधान यी दुईबीचको व्यावहारिक बाटो हो ।

डीआरएफएफ भनेको कुनै सरकारले अनुदान दिएर डुब्न लागेको संस्था बचाउने (बेलआउट) प्याकेज होइन । यो अस्थायी तरलता उपलब्ध गराउने कोष हो । यस लेखको उद्देश्य पनि यही हो –समस्याग्रस्त सहकारीको निक्षेप सरकारी ढुकुटी प्रयोग नगरी कसरी फिर्ता गर्न सकिन्छ ? भन्ने कुरा स्पष्ट गर्नु ।

### निक्षेप फिर्ताको मूल दर्शनः राज्य मार्गदर्शन दिने, भुक्तानी गर्ने होइन

यो समाधानको आधारभूत सोच एकदमै सीधा छ । सहकारी निजी सदस्यहरूको संस्था भएकाले सहकारी डुब्यो भने त्यसको खर्च करदाताले होइन, सहकारीकै सम्पत्ति र त्यसबाट उठ्न सक्ने पैसाले बेहोर्नुपर्छ । राज्यको भूमिका पैसा तिर्ने होइन, प्रक्रिया बनाउने हो । राज्यले पारदर्शिता सुनिश्चित गर्छ, अस्थायीरूपमा समय किनिदिन्छ र दोषीलाई कानुनको दायरामा ल्याउने काम गर्छ । निक्षेप फिर्ता प्रक्रिया सुरु हुनुअघि सबैभन्दा पहिले वास्तविक पीडित को हुन् भन्ने स्पष्ट गर्नुपर्छ । यसका लागि डिजिटल दाबी प्रणाली र स्थानीय तहका सहायता कक्षमार्फत् बचतकर्ताको विवरण सङ्कलन गरिन्छ ।

बाँकी पृष्ठ ३ मा....

# सरकारी पैसा खर्च नगरी...

नागरिकता, सहकारी खाता र पासबुक मिलान गरेर केन्द्रीय डेटाबेसमा दाबी प्रमाणीकरण गरिन्छ । यसले नक्कली वा दोहोरो दाबी रोक्छ र प्रक्रिया विश्वसनीय बनाउँछ ।

सबै बचतकर्तालाई एउटै तरिकाले व्यवहार गर्नु न्याय होइन । कसैले बुढेसकालका लागि सानो रकम बचत गरेको हुन्छ भने कसैले लगानीका रूपमा ठूलो रकम राखेको हुन्छ । त्यसैले साना र अति संवेदनशील बचतकर्तालाई पहिलो प्राथमिकता दिइन्छ । ठूला बचतकर्ताले पनि आफ्नो पैसा पाउँछन्, तर चरणबद्ध र अनुपातका आधारमा ।

यही बिन्दुमा निक्षेप फिर्ता सुविधा कोष (डिपोजिट रिफन्ड फ्यासिलिटी फन्ड- डीआरएफएफ), को भूमिका सुरु हुन्छ । डीआरएफएफ भनेको कुनै सरकारले अनुदान दिएर डुब्न लागेको संस्था बचाउने (बेलआउट) प्याकेज होइन । यो अस्थायी तरलता उपलब्ध गराउने कोष हो । अहिले धेरै सहकारीको समस्या पैसा फिर्ता नआउने गरी डुबेको होइन, पैसा अड्किएको हो । जग्गा, भवन, अधुरा परियोजना र कर्जामा पैसा बाँधिएको छ, तर त्यो तुरुन्तै नगद बन्दैन । डीआरएफएफले यही खाली ठाउँ भर्छ । यसले बचत फिर्ता प्रक्रिया सुरु गराउँछ र बचतकर्तालाई सुरुआती राहत दिन्छ, तर सरकारी ढुकुटीलाई स्थायी बोझ बनाउँदैन ।

आज निक्षेप फिर्ता, न्याय र संरचनागत सुधार एकसाथ अघि बढाइयो भने सहकारी प्रणाली फेरि पनि विश्वास गर्न लायक बन्न सक्छ । यही नै सबैभन्दा ठूलो परीक्षा हो-राज्यको, समाजको र सहकारी आन्दोलनको पनि । डीआरएफएफबाट सुरुमा सीमित रकममात्र दिइन्छ । जब दाबी प्रमाणीकरण हुन्छ, बचतकर्ताले सानो तर निश्चित रकम तत्काल पाउँछन् । सम्पूर्ण निक्षेप होइन र अन्तिम भुक्तानी पनि होइन । यसको उद्देश्य एउटा सरल सन्देश दिनु हो- 'तपाईंको समस्या समाधान गर्ने प्रक्रिया सुरु भइसकेको छ।'

महत्वपूर्ण कुरा के हो भने डीआरएफएफ एकपटक खर्च भएर सकिने कोष होइन । यो घुमिरहने (रिभल्भिङ) कोष हो । सुरुमा डीआरएफएफबाट पैसा बाहिर जान्छ, तर त्यो पैसा क्रमश: फेरि त्यो खातामा फर्कंदै जान्छ । जुन सहकारीका बचतकर्ताको रकम डीआरएफएफबाट फिर्ता गरिएको हो, सो सहकारीको सम्पत्ति व्यवस्थापन गरी त्यसलाई पुन: फिर्ता गरिन्छ । त्यसका लागि समस्याग्रस्त सहकारीमा विस्तृत अडिटपछि सम्पत्ति व्यवस्थापन सुरु हुन्छ । सहकारीसँग रहेका जग्गा, भवन, अपार्टमेन्ट, अधुरा परियोजना जस्ता सम्पत्तिलाई व्यवस्थितरूपमा व्यवस्थापन गरिन्छ । कतिपय परियोजना पूरा गरेर बेचिन्छ, कतिपयलाई पुनर्संरचना गरेर बजारमा बिक्री गरिन्छ । यसबाट आएको रकम डीआरएफएफमा जम्मा हुन्छ ।

त्यस्तै, कर्जा असुलीबाट आएको पैसा पनि डीआरएफएफ मै जान्छ । सबै कर्जा बिग्रिएका हुँदैनन् । केही कर्जा कानुनी प्रक्रियाबाट फिर्ता आउन सक्छन् । अझ गम्भीर अवस्थामा सहकारीको पैसा दुरुपयोग गरेर व्यक्तिगत सम्पत्ति बनाउने व्यक्तिबाट अदालतमार्फत सम्पत्ति जफत गरी लिलामी गरिन्छ । त्यसबाट आएको रकम पनि डीआरएफएफकै हिस्सा बन्छ ।

यसरी डीआरएफएफबाट बाहिरिएको पैसा फेरि भित्र फर्कंदै जान्छ । त्यसैले डीआरएफएफले दीर्घकालीनरूपमा सरकारी बजेटमाथि बोझ पैदा गर्दैन । सरकारले सुरुमा सीमित तरलता उपलब्ध गराएर प्रक्रिया अघि बढाउँछ, तर अन्तत: पैसा सहकारीकै सम्पत्ति र असुलीबाट आउँछ । यही कारण यसलाई 'सरकारी ढुकुटी नछोई' समाधान भनिएको हो ।

डीआरएफएफको अर्को महत्वपूर्ण काम भनेको चरणबद्ध निक्षेप फिर्ता सुनिश्चित गर्नु हो । सबै बचतकर्ताले एकैपटक पैसा पाउँदैनन् । साना र अत्यन्त आवश्यकतामा रहेका बचतकर्ता पहिले समेटिन्छन् । मध्यम र ठूला बचतकर्तालाई भने सम्पत्ति बिक्री र कर्जा असुलीको गति अनुसार अनुपातका आधारमा रकम फिर्ता गरिन्छ । यसले सामाजिक न्याय पनि कायम गर्छ र प्रक्रिया पनि अवरुद्ध हुन दिँदैन ।

डीआरएफएफ सफल हुन पारदर्शिता अनिवार्य छ । कति पैसा उठ्यो, कति वितरण भयो र कति प्रक्रिया चलिरहेको छ भन्ने जानकारी नियमितरूपमा सार्वजनिक गर्नुपर्छ । बचतकर्तालाई थाहा भयो भने कि 'सबै पैसा आज आएन, तर प्रक्रिया चलिरहेको छ र मेरो नाम सूचीमा छ', उनीहरूले धैर्य गर्न सक्छन् । यही पारदर्शिताले सामाजिक तनाव घटाउँछ ।

डीआरएफएफ केवल पैसा बाँड्ने संयन्त्र होइन । यो विश्वास पुनर्निर्माण गर्ने संरचना हो । यसले बचतकर्तालाई सन्देश दिन्छ कि पैसा हराएको छैन, निकाल्ने प्रक्रिया सुरु भएको छ । यसले सहकारी प्रणालीलाई सन्देश दिन्छ कि बचतकतर्ताको बचत दुरुपयोग गरेर उम्किन पाइँदैन । र यसले राज्यको भूमिका देखाउँछ– पीडितलाई साथ दिने, तर लापरवाहीको मूल्य करदातालाई नथोपर्ने ।

समस्याग्रस्त सहकारीका बचतकर्ताको पैसा फिर्ता हुन सक्छ, सरकारी ढुकुटी नछोइकन । पारदर्शी प्रक्रिया, न्यायसंगत प्राथमिकता र कडा उत्तरदायित्व लागू गरियो भने यो सम्भव छ । यही कारण डीआरएफएफ सहकारी संकट समाधानको केन्द्रबिन्दु मानिन्छ । यसबिना समाधान खोज्दा या त सरकारी ढुकुटी संकटमा पर्छ, या बचतकर्ता निराश हुन्छन् । डीआरएफएफले ती दुवै जोखिम टार्दै, व्यवहारिक र दिगो बाटो देखाउँछ ।

### पैसा निकाल्ने कठिन तर आवश्यक प्रक्रिया

सहकारीको निक्षेप हराएको छैन अड्किएको छ । त्यसैले विस्तृत ड्यु डेलिजेन्स र फरेन्सिक अडिट अनिवार्य छ । कति निक्षेप उठाइयो, कहाँ लगानी गरियो, कति कर्जा फिर्ता हुन सक्छ यी तथ्य स्पष्ट भएपछि मात्रै वास्तविक समाधान सम्भव हुन्छ । सम्पत्ति व्यवस्थापन कम्पनीमार्फत् सहकारीका जग्गा, भवन, अधुरा परियोजना र अन्य सम्पत्ति व्यावसायिकरूपमा व्यवस्थापन गरिन्छ । आवश्यक परे परियोजना पूरा गरेर बेचिन्छ, पुनर्संरचना गरिन्छ र अधिकतम मूल्य निकालिन्छ । प्राप्त रकम डीआरएफएफमा जम्मा हुन्छ ।

साथै कर्जा असुली र उत्तरदायित्व प्रवर्तन समानान्तर रूपमा अघि बढ्छ । दुरुपयोगमा संलग्न व्यक्तिलाई कानुनीरूपमा जिम्मेवार बनाइन्छ । आवश्यक परे व्यक्तिगत सम्पत्तिसमेत जफत गरी निक्षेप फिर्तामा प्रयोग गरिन्छ । यही बिन्दुले जनविश्वास फर्काउने सबैभन्दा ठूलो भूमिका खेल्छ ।

### प्रक्रिया सही भयो भने निक्षेप फिर्ता सम्भव छ

निष्कर्ष के हो भने समस्याग्रस्त सहकारीका बचतकर्ताको पैसा फिर्ता हुन सक्छ, त्यो पनि सरकारी ढुकुटी नछोइकन । पारदर्शी प्रक्रिया, न्यायसंगत प्राथमिकता र कडा उत्तरदायित्व लागू गरियो भने यो सम्भव छ । सहकारी संकट चेतावनीमात्र होइन, अवसर पनि हो । आज निक्षेप फिर्ता, न्याय र संरचनागत सुधार एकसाथ अघि बढाइयो भने सहकारी प्रणाली फेरि पनि विश्वास गर्न लायक बन्न सक्छ । यही नै अहिलेको सबैभन्दा ठूलो परीक्षा हो-राज्यको, समाजको र सहकारी आन्दोलनको पनि ।

*चार्टर्ड एकाउन्टेन्ट गुरागाईं राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत हुन् ।*

# प्रतिनिधिसभाको पहिलो बैठक



काठमाडौं/ फागुन २१ गतेको निर्वाचनबाट निर्वाचित प्रतिनिधिसभाको पहिलो बैठक बिहीबार बसेको छ । सिंहदरबारस्थित निर्माणाधीन संघीय संसद् भवनको बहुद्देश्यीय कक्षमा पहिलो बैठक बसेको हो ।

पहिलो दिनको बैठक प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीको अध्यक्षतामै बसेको छ । बैठकको सुरुवातमा नेकपा एमालेका सांसदले उठेर केही बेर अवरोध गरेका थिए । त्यसपछि सभाध्यक्ष केसीले एमाले सांसद गुरु बराललाई बोल्न समय दिए ।

बराललले एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकको पक्राउको विरोध जनाउँदै आजै रिहा गर्न सरकारसँग माग गरे ।

त्यसपछि सुचारू भएको बैठकमा सभाध्यक्ष केसीले राष्ट्रपति रामचन्द्र पौडेलबाट रास्वपाका बालेन्द्र शाह प्रधानमन्त्री नियुक्त भएको सन्देश सुनाएका थिए । त्यसपछि पूर्व निर्धारित कार्यक्रमअनुसार सात जना नेताले दलीय आधारमा आफ्नो धारणा राखेका थिए । जसमा रास्वपाका सभापति रवि लामिछाने, नेपाली कांग्रेसका भीष्मराज आङदेम्बे, एमालेका रामबहादुर थापा बादल, नेपाली कम्युनिस्ट पार्टीका वर्षमान पुन, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई (साम्पाङ), राप्रपाका ज्ञानेन्द्रबहादुर शाही र स्वतन्त्र सांसद् महावीर पुन बोलेका थिए । त्यसपछि गृहमन्त्री सुदन गुरुङले पूर्ववर्ती सरकारले जारी गरेका अध्यादेश संसद् समक्ष पेस गरेका थिए ।

त्यसपछि केही शोक प्रस्ताव पास गरेर अर्को बैठक चैत २२ गते बस्नेगरी सकियो ।

# क्यानडाका ३ सहरमा गुन्जिँदै नेपथ्य, टोरन्टोको टिकट 'सोल्ड आउट'



नेपाली लोक रक ब्यान्ड नेपथ्यले क्यानडामा शृङ्खलाबद्ध सांगीतिक प्रस्तुति दिने भएको छ । क्यानडाका सदबरी, टोरन्टो र लन्डन (ओन्तारियो) सहरमा ब्यान्डले कन्सर्ट गर्न लागेको हो ।

नेपथ्यको पहिलो प्रस्तुति १० अप्रिल शुक्रबार सदबरी सहर स्थित 'सदबरी कम्युनिटी एरेना' मा हुनेछ । १३ अप्रिल सोमबार ब्यान्डले टोरन्टोको 'क्विन एलिजाबेथ थिएटर' मा आफ्ना गीतहरू सुनाउनेछ । मुख्य सहरको पश्चिम भागस्थित प्रदर्शनी केन्द्रमा पर्ने यो हल आधुनिक कन्सर्ट थलोका रूपमा प्रसिद्ध छ । यात्राको अन्तिम शो भने अप्रिल १८ शनिबार लन्डन सहरमा हुनेछ । त्यो दिन 'लन्डन म्युजिक हल' मा नेपथ्य गुन्जिनेछ ।

टोरन्टोमा आयोजना हुने कन्सर्टको टिकट सकिएको छ भने अन्य सहरका लागि पनि तीव्र गतिमा टिकट बिक्री भइरहेको आयोजकले जनाएका छन् । नेपथ्यले तीन वर्षअघि क्यानडाका क्यालगरी, भ्यानकुभर र टोरन्टोमा शृङ्खलाबद्ध प्रस्तुति दिएको थियो । यसपटकको नेपथ्य यात्रामा तीनवटै क्यानाडेली सहर संयुक्त राज्य अमेरिकाको उत्तर पूर्वी भेगसँग जोडिने ओन्तारियो राज्यमा पर्छन् । मुख्य आर्थिक केन्द्र टोरन्टोसमेत अटाएको यस भेगमै नेपालीको उल्लेख्य उपस्थिति छ ।

केही समययता नेपालीका निम्ति क्यानडा आप्रवासनको आकर्षक गन्तव्य बन्दै आएको छ । त्यसमा पनि विशेषगरी अध्ययनका लागि त्यसतर्फ जाने नेपाली विद्यार्थीमा दिनप्रतिदिन गुणात्मक वृद्धि हुन थालेको छ ।

बढ्दो नेपाली जनसंख्यासँगै उनीहरूको सम्मानजनक उपस्थितितर्फ पनि उक्त राज्यको ध्यान आकर्षित हुन थालेको छ । केही साताअघि मात्र त्यहाँका काउन्सिलर निथन सानले हरेक अप्रिल १०-१७ लाई 'नेपाली सम्पदा सप्ताह' का रूपमा मनाउन टोरन्टोका मेयरसमक्ष प्रस्ताव गरेका छन् ।

'नेप्लिज क्यानाडियन कम्युनिटी सर्भिसेज' को पहलमा अघि बढेको यो प्रस्ताव हाल विचाराधीन छ । प्रस्ताव स्वीकृत भएपछि महानगरले नै यसलाई उसको कार्यक्रमका रूपमा अघि बढाउनेछ । नेपाली नयाँ वर्षको समयलाई आधार मानेर प्रस्ताव गरिएको यस अवधिमै नेपथ्य उक्त भेगमा प्रस्तुत हुने समय पनि यसपाला जुरेको छ ।

'हाम्रो सहरमा नेपथ्य पहिलोपटक आउन लागेको छ,' सदबरीकी क्यानुका बस्नेतले आफ्नो फेसबुक पोस्टमा भनेकी छन्, 'यो संगीत, ऊर्जा र सम्झनाले भरिएको स्मरणीय साँझ बन्नेमा ढुक्क छु ।' क्यानडाका तीनवटै सहरमा नेपथ्य कन्सर्टका निम्ति स्थानीय समयअनुसार बेलुकीको ७ बजे ढोका खुला गरिनेछन् ।

# ८ महिनामै भित्रियो साढे १४ खर्ब रेमिट्यान्स

काठमाडौं, १९ चैत/ चालु आर्थिक वर्षको साउनदेखि फागुन मसान्तसम्म ८ महिनाको अवधिमै १४ खर्ब ४९ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको ८ महिनाको वित्तीय विवरणअनुसार यो रेमिट्यान्स गत आर्थिक वर्षको यसै अवधिको तुलनामा ३७.७ प्रतिशत बढी हो । चालु आर्थिक वर्षको फागुन महिनामा मात्रै १ खर्ब ८८ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको राष्ट्र बैंकले जनाएको छ ।

गत वर्षको फागुनमा १ खर्ब ५१ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । खाडी मुलुकमा देखिएको तनावका कारण फागुनमा रेमिट्यान्स उच्च दरले प्रभावित हुने अनुमान गरिए पनि तथ्यांक भने सामान्य देखिएको छ ।

चालु आर्थिक वर्षको पहिलो ८ महिनामा अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह ३१ प्रतिशतले बढेको छ । साउनदेखि फागुन मसान्तसम्म १० अर्ब १५ करोड अमेरिकी डलर बराबर रेमिट्यान्स भित्रिएको हो ।



८ महिनामा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सख्या २ लाख ७३ हजार ५३६ र पुन: श्रम स्वीकृति लिनेको संख्या २ लाख ५१ हजार ९८५ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सख्या क्रमश: ३ लाख १७ हजार ६८ र २ लाख १७ हजार ४०३ रहेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'सरकारले मिडियामा आर्थिक नाकाबन्दी लगाउन खोज्यो, संविधान उल्लंघन भयो'

काठमाडौं/ सरकारले सरकारी विज्ञापन सरकारी सञ्चार माध्यममा मात्र उपलब्ध गराउने गरी गरेको पछिल्लो निर्णयप्रति सञ्चार क्षेत्रबाट तत्कालै विरोध भएको छ । नेपाल पत्रकार महासंघले कडा आपत्ति जनाएको छ ।

महासंघले यस निर्णयलाई निजी र स्वरोजगारमूलक सञ्चारमाध्यमलाई धराशायी बनाउने र नागरिकको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने कदमका रूपमा व्याख्या गरेको छ । यसबारे अध्यक्ष निर्मला शर्माको भनाई यस्तो छ:

मिडियाको आर्थिक संकटमाथि यो सरकारी प्रहार हो । पछिल्लो समय कोभिड-१९ र आर्थिक मन्दीका कारण निजी क्षेत्रका सञ्चारमाध्यम पहिले नै आर्थिक रूपमा जर्जर अवस्थामा छन् । राज्यले सहुलियत र प्रोत्साहन दिनुपर्ने समयमा उल्टै विज्ञापन रोक्ने निर्णय गर्दा साना लगानीका मिडिया, रेडियो र टेलिभिजनहरू पूर्ण रूपमा बन्द हुने अवस्थामा पुग्छन् ।

विशेषगरी स्थानीय तहका विज्ञापनबाट सञ्चालित ग्रामीण क्षेत्रका रेडियोहरूको अस्तित्व नै संकटमा पर्छ ।

यो संघीयता र संविधानको उल्लंघन पनि हो । संविधानअनुसार स्थानीय र प्रदेश सरकारहरू स्वायत्त छन् । उनीहरूलाई आफ्नै नीतिअनुसार सञ्चारमाध्यमको व्यवस्थापन र सहकार्य गर्ने अधिकार छ । तर, संघीय सरकारको मन्त्रिपरिषद्ले केन्द्रबाटै तीनै तह (संघ, प्रदेश र स्थानीय) को विज्ञापन रोक्ने निर्णय गर्नुले संघीयताको मर्म र संविधानप्रदत्त अधिकारको ठाडो उल्लंघन हो ।

प्रेस स्वतन्त्रता र स्वनियन्त्रणको जोखिम पनि बढाएको छ । निजी सञ्चारमाध्यमले सरकारलाई प्रश्न गर्ने र सचेत गराउने भूमिका निर्वाह गर्छन् । विज्ञापन रोकेर आर्थिक नाकाबन्दी लगाउनुले मिडियामा 'सेल्फ सेन्सरसिप' बढ्ने र यसले लोकतन्त्रको चौथो अंगलाई कमजोर बनाउने देखिन्छ ।



सञ्चार मन्त्रीले सरोकारवालाहरूसँग छलफल गर्ने आश्वासन दिए पनि कुनै संवाद नगरी एकाएक यस्तो निर्णय ल्याइनुले सञ्चारकर्मी र लगानीकर्ताको मनोबल गिराएको छ । महासंघले अब आन्दोलनको तयारी गर्छ । जिल्ला-जिल्लाबाट सञ्चारकर्मीहरूले विरोध जनाइरहेका छन् । पत्रकार महासंघ यो निर्णय नसच्चिएसम्म देशव्यापी आन्दोलनमा उत्रन्छ । महासंघले चाँडै बैठक बसी आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्ने तयारी गरिरहेको छ ।

# प्रतिनिधिसभामा पेस भए तीन अध्यादेश

काठमाडौं/ प्रतिनिधिसभाको विहीबारको बैठकमा गृहमन्त्री सुधन गुरुङले तीन अध्यादेश पेस गरेका छन् ।

सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा सदस्यहरूले मन्तव्य राखिसकेपछिको नियमित कार्यसूचीअन्तर्गत उनले 'नागरिकता सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश, २०८२' पेस गरेका हुन् ।

नेपालको संविधानको धारा ८४ को उपधारा (२) बमोजिम समानुपातिकको बन्द सूचीमा समावेश गराउनुपर्ने जनसंख्याको आरक्षणका लागि अध्यादेशबाट कानुन संशोधन गरिएको थियो ।

गत फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचन मिति तोकिएपछि सोका लागि मतदाता नामावली अध्यावधिकको प्रयोजनका लागि अघिल्लो सरकारले 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश' ल्याएको थियो ।

गृहमन्त्री गुरुङले राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरषद्को कार्यालय अन्तर्गतबाट गृह मन्त्रालयअन्तर्गत राख्न 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश' जारी भएको जानकारी गराए ।

बैठकमा संविधानसभाका सदस्य एवम् पूर्वसदस्यहरू ऋषिकेश गौतम, मोहम्मद अफ्ताव आलम, कृष्णकुमारी श्रेष्ठ, आमोदप्रसाद उपाध्याय, होमनाथ दाहाल र संविधानसभा तथा राष्ट्रियसभाका सदस्य बलदेव बोहराको विभिन्न समयमा भएको निधनप्रति शोक प्रस्ताव पारित गरिएको छ ।

प्रतिनिधिसभाको अर्को बैठक यही चैत २२ गते आइतबार बिहान ११:०० बजे बस्नेछ ।

# एसईई सुरु भएकै दिनमा फिल्म 'रोल नं. १' को पहिलो झलक सार्वजनिक

जौन योञ्जन निर्देशित फिल्म बाल मनोविज्ञानमा आधारित छ । महेश दवाडीको पटकथा रहेको फिल्ममा मुकुन भुसाल, सुशांक मैनाली, रेणु योगी, सिर्जना अधिकारीको अभिनय छ ।

बालकलाकारमा निर्भिक रेग्मी, रिञ्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठ छन् । विनोद पौडेल र गुञ्जन गिरी निर्माता हुन् । छत्रमाया गिरी र रमेश चौलागाईं कार्यकारी निर्माता हुन् ।

म्याग्दीको हिमाली तथा दुर्गम गाउँ रुममा छायांकन गरिएको फिल्मले ग्रामीण परिवेशलाई चित्रण गर्छ । अहिले पोस्ट-प्रोडक्सनमा रहेको यो फिल्मले मुलुकको वर्तमान शिक्षा प्रणालीलाई प्रश्न गर्ने निर्माता पौडेलले बताए ।

सार्वजनिक दुई पोस्टर मध्ये एकमा मुकुन र निर्भिकलाई चित्रण गरिएको छ । अर्को पोस्टरमा रेणु पनि देखिएकी छन् । ग्रामीण र विपन्न जस्तो देखिने पात्रको रोलमा यी कलाकार पोस्टरमा चित्रण छन् । यो फिल्मको एक गीतमा म्याग्दीको ग्रामीण भाखामा तयार पारिएको, जसमा प्रशान्त शिवाकोटीको संगीत छ । सार्वभएपछि यो गीतले दर्शकको मन जित्ने आशा निर्माताको छ । यो फिल्म १५ जेठदेखि प्रदर्शन तयारीमा छ ।

# उज्वल थापाको डकुमेन्ट्री डिगो ओटीटीमा रिलिज

काठमाडौं/ स्व. उज्वल थापाको जीवनमा आधारित वृत्तचित्र दिमाग घोच्ने मान्छे' आजदेखि डिगो (डिसहोम गो) ओटीटी प्लेटफर्ममा रिलिज भएको छ । गत २५ पुसमामा सिनेमा हलमा लागेको यो वृत्तचित्र अब ओटीटीमा हेर्न पाइने भएको हो ।

निर्माण पक्षका अनुसार यो वृत्तचित्रबाट संकलन हुने मुख्य आम्दानी उज्वल थापा फाउन्डेसनलाई प्रदान गरिनेछ । फाउन्डेसनले उज्वल थापाले सुरु गरेका सामाजिक तथा नागरिक अभियानहरूलाई निरन्तरता दिने काम गर्ने जनाइएको छ ।

वृत्तचित्रले उज्वल थापाको बाल्यकाल, अमेरिकामा भएको शिक्षा र नेपाल फर्किएपछि वैकल्पिक राजनीतिका लागि गरेको संघर्षलाई मसिनोसँग प्रस्तुत गरेको छ । दुर्लभ भिडियो फुटेज र उनका साथी, सहयात्री तथा आलोचकहरूको अन्तर्वार्तामार्फत् यो डकुमेन्ट्री तयार गरिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### प्रदेश श्रम सल्लाहकार परिषद्को दोस्रो पूर्ण बैठक

# प्रदेशमा रोजगारीका अवसर विस्तार गर्ने

साझाकुरा संवाददाता



हेटौंडा, १९ चैत/ बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयअन्तर्गत गठन भएको प्रदेश श्रम सल्लाहकार परिषद्को दोस्रो पूर्णबैठक हेटौंडामा सम्पन्न भएको छ ।

श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाको अध्यक्षतामा मन्त्रालयमा बसेको बैठकमा विभिन्न मन्त्रालयका सचिव, सम्बन्धित निकायका प्रतिनिधि, रोजगारदाता तथा ट्रेड युनियनका प्रतिनिधिको उल्लेख्य उपस्थिति रहेको थियो । बैठकमा प्रदेशभित्र रोजगारी सिर्जना, श्रमिकको सीप विकास, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उपाय, श्रमिकअधिकार संरक्षण तथा श्रम कानुनको प्रभावकारी कार्यान्वयनका विषयमा विस्तृत छलफल भएको थियो ।

निजीक्षेत्रसँग सहकार्य अभिवृद्धि गर्दै उत्पादनशील क्षेत्रमा लगानी बढाउने, उद्यमशीलता विकास गर्ने तथा श्रम बजारलाई व्यवस्थित बनाउने विषयमा छलफल भएको र त्यसका लागि छिट्टै प्रदेश सरकारले सम्बन्धित निकायमा अनुगमन गर्ने र आगामी बजेटलाई कमजोर देखिएका क्षेत्र सुधारमा प्राथमिकता दिने निर्णय गरेको छ । बैठकमा मन्त्री थापाले प्रदेशमा बढ्दो बेरोजगारी चुनौतीलाई सम्बोधन गर्न सरकार गम्भीर रहेको बताए । मन्त्री थापाले भने, 'श्रम क्षेत्रको सुधारबिना समग्र आर्थिक विकास सम्भव छैन । त्यसैले रोजगारी सिर्जना, सीप विकास र श्रमिकअधिकार संरक्षणलाई सँगसँगै अघि बढाउन मन्त्रालयले आवश्यक कदम चाल्ने छ ।'

उनले श्रमिकलाई देशमै अवसर सिर्जना गर्नसके वैदेशिक रोजगारीमा निर्भरता क्रमश: घट्दै जाने उल्लेख गर्दै त्यसका लागि राज्य, निजीक्षेत्र र श्रमिकबीच समन्वय अपरिहार्य रहेको बताए । 'हामीले नीति बनाउने मात्र होइन, त्यसको प्रभावकारी कार्यान्वयनमा पनि जोड दिनुपर्छ,' उनले भने, 'प्रदेश सरकारले श्रमिकमैत्री वातावरण निर्माण गर्न कुनै कसर बाँकी राख्ने छैन ।' उनले सीपमूलक तालिमलाई बजारसँग जोडेर सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउँदै तालिमपछि रोजगारी सुनिश्चित हुने खालका कार्यक्रम ल्याइने जानकारी दिए । श्रमिकको हकहित संरक्षणका लागि अनुगमन संयन्त्रलाई थप सुदृढ गरिने र श्रमसम्बन्धी सेवालाई पारदर्शी तथा प्रविधिमैत्री बनाइने बताए ।

छलफलपश्चात बैठकले प्रदेशमा रोजगारीका अवसर विस्तार गर्ने, सीपमूलक तथा उद्यमशीलता विकास कार्यक्रमलाई प्रभावकारी बनाउने, श्रमिकअधिकार संरक्षणका लागि अनुगमन प्रणाली मजबुत बनाउने तथा वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने निर्णय गरेको मन्त्रालयले जनाएको छ । बैठकले श्रमक्षेत्र सुधारका लागि सरोकारवाला निकायबीच समन्वय र सहकार्यलाई थप मजबुत बनाउनेमा जोड दिएको छ ।

## नेउवा महासंघ बागमती अध्यक्षमा दुईजनाको उम्मेदवारी

साझाकुरा संवाददाता



हेटौंडा, १९ चैत/ नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको अध्यक्ष पदका लागि दुईजनाको उम्मेदवारी परेको छ ।

महासंघ बागमती प्रदेशको अध्यक्षमा दुर्गाराज श्रेष्ठ र वेदबहादुर श्रेष्ठको उम्मेदवारी परेको हो । नेपाल उद्योग वाणिज्य महासघ बागमती प्रदेश कार्यसमितिको आगामी तीनवर्षे कार्यकालको लागि यही चैत २४ गते हेटौंडामा निर्वाचन हुँदैछ । अध्यक्षसँगै जिल्ला तथा नगरतर्फको उपाध्यक्ष, एसोसियटतर्फको उपाध्यक्ष, वस्तुगततर्फका उपाध्यक्ष, कोषाध्यक्ष पदमा एक-एकजनाको लागि निर्वाचन हुने महासंघका कार्यकारी निर्देशक विवेक मानन्धरले जानकारी दिए । महासंघको कार्यकारिणी सदस्य पदका जिल्ला तथा नगरतर्फ पाँचजना तथा एसोसियट र वस्तुगततर्फ दुई-दुईजनाका लागि निर्वाचन हुनेछ ।

मानन्धरकाअनुसार जिल्ला तथा नगरतर्फको उपाध्यक्षमा कविराज खत्री र कृष्णकुमार गुप्ता तथा वस्तुगततर्फको उपाध्यक्षमा प्रेमहरि मैनाली र राजकुमार दाहाल तथा कोषाध्यक्ष पदमा जीवनकाजी माकजु श्रेष्ठ र रुद्रबहादुर खत्रीको उम्मेदवारी दर्ता भएको छ । एसोसियटतर्फको उपाध्यक्षमा कृष्णभक्त श्रेष्ठको मात्र उम्मेदवारी परेको छ । महासंघको कार्यकारिणी सदस्यमा जिल्ला तथा नगरतर्फ पाँचजनाका लागि कृष्णमुरारी न्यौपाने, जयप्रकाश श्रेष्ठ, विष्णु खनाल, राजकुमार कंडेल, राजन कार्की र सनत थापा तथा एसोसियटतर्फ दुईजनाको लागि उत्तम शर्मा ढकाल, नवीनदेव सिंह र प्रदीपमान प्रधानको उम्मेदवारी दर्ता भएको छ ।

वस्तुगततर्फ दुईजना कार्यकारिणी सदस्यका लागि ज्योतित्न वज्राचार्य र सदिश श्रेष्ठको उम्मेदवारी मनोनयन दर्ताभएको महासंघले जनाएको छ । कार्यकारी निर्देशक मानन्धरले एसोसियटतर्फको एकजना उपाध्यक्षमा कृष्णभक्त श्रेष्ठ तथा वस्तुगततर्फ दुईजना कार्यकारिणी सदस्यमा ज्योतित्न वज्राचार्य र सदिश श्रेष्ठको मात्र उम्मेदवारी मनोनयन दर्ता भएको भन्दै उम्मेदवारको अन्तिम नामावली यही चैत २२ गते प्रकाशनसँगै निर्विरोध निर्वाचित भएको घोषणा गरिने बताए ।

अध्यक्ष तथा पदाधिकारी र कार्यकारिणी सदस्य पदको निर्वाचनमा जिल्ला तथा नगरतर्फका ३१, एसोसियटतर्फका १६५, वस्तुगततर्फका २० जना गरी २१६ जनामा मताधिकार रहेको छ । उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको नवौं प्रदेश सभा हेटौंडामा चैत २३ गते हुनेछ ।

## मनसुन पूर्वतयारी, प्रतिकार्ययोजना निर्माण गर्न कार्यदल

हेटौंडा, १९ चैत/ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ तयार गर्ने भएको छ ।

यसका लागि प्राधिकरणको नीति, योजना तथा अनुगमन महाशाखाप्रमुख, सहसचिव रोशनीकुमारी श्रेष्ठको संयोजकत्वमा १८ सदस्यीय कार्यदल गठन भई कायम थालिएको हो । प्राधिकरणका प्रवक्ता उपसचिव शान्ति महतले मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ तयार गर्न कार्यदल गठन गरेर काम थालिएका जानकारी दिएका छन् । कार्यदलमा विपद् सम्बद्ध संघीय मन्त्रालय, विभाग तथा प्राधिकरणका साथै तीनवटै सुरक्षा निकायका प्रतिनिधि सहभागी छन् ।

सम्भावित मनसुनजन्य विपद्को प्रभावकारी सामना गर्दै धनजनको क्षति न्यूनीकरण गर्न संघ, प्रदेश, स्थानीय तह, सुरक्षानिकाय, साझेदार संस्थालगायत विपद्सँग सम्बन्धित सरोकारवाला सबै निकायलाई पूर्वतयारी तथा प्रतिकार्यमा योजनाबद्ध ढंगले लाग्न कार्ययोजना बन्न लागेको हो । कार्ययोजना निर्माणका एक सदस्य प्राधिकरणका उपसचिव रामकुमार केसीले सबै प्रतिनिधिसलाई आवश्यक सुझाव दिनका लागि एक हप्ताको समय दिइएको जानकारी दिँदै यसपाली समयमै कर्ययोजना निर्माण हुने बताए ।

उनले कार्ययोजनामा केके विषय समेट्नुपर्छ भन्नेसम्मको सुझाव प्राप्त भएपछि अर्को हप्ता कार्यदलको बैठक बस्ने तय भएको बताए । गृहमन्त्री सुदन गुरुङले प्राधिकरणमा हालै आयोजित कार्यक्रममा समयमै प्रतिकार्य योजना निर्माण गरी विपद् व्यवस्थापनमा चुस्तता निर्माण गर्न निर्देशन दिएका थिए ।

## नीतिगत सुधारमा लागिरहेका छौं: मन्त्री पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ बागमती प्रदेशका कृषि तथा पशुपंछी विकास मन्त्री मधुसुदन पौडेलले व्यवसायी प्रवर्द्धनका लागि नीतिगत सुधारमा जोड दिन सरकार तयार रहेको बताएका छन् ।

नर्सरी व्यवसायी महासंघले राजधानीमा आयोजना गरेको एक्स्पोलाई सम्बोधन गर्दै मन्त्री पौडेलले नर्सरी व्यवसाय प्रवर्द्धनका लागि सरकारले व्यवसायमा देखिएका समस्या सम्बोधन गर्न तयार रहेको बताए । उनकाअनुसार व्यवसायीले भोगिरहेको समस्या भनेको आन्तरिक प्रतिष्पर्धा भन्दा पनि विदेशबाट आउने सामानसँग गर्नुपर्ने अवस्था छ । वागमती सरकारले नीतिगतरुपमै प्लास्टिकका फूललाई निषेध गरेको उनले बताए । अहिले पनि यो नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न वागमती सरकार लागेको बताउँदै मन्त्री पौडेलले नीति प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहबाट अनुगमन हुनुपर्ने बताए ।

मन्त्री पौडेलले भने, 'हाम्रो प्रमुख ध्यान भनेको एउटा व्यवसायीक प्रवर्द्धनका लागि सरकारले गर्नुपर्ने नीतिगत सुधारको लागि वागमती सरकार तयार छ । अर्को व्यवसायीले भोगिरहेको समस्या भनेको आन्तरीक प्रतिष्पर्धा भन्दा पनि विदेशबाट आउने समानसँग गर्नुपर्ने अवस्था छ । सरकारले नीतिगतरुपमा सुधार गर्ने योजना बनाएको छ । प्लास्टिकका फूलको सन्दर्भमा वागमती सरकारले एउटा स्टेटमेन्ट पनि जारी गरेको थियो । जसमा प्लास्टिकका फूल प्रयोग नगर्न भनेका छौं ।' उनले अगाडि भने 'कम्तिमा पनि बागमती सरकारका सबै निकायमा अबदेखि पलास्टिकका फूल निषेध गर्ने निर्णय गरेका छौं । बजार अनुगमनको जिम्मा स्थानीय तहमा छ । त्यसले गर्दा व्यवसायीलाई प्रवर्द्धन गर्नका लागि स्थानीय तहदेखि केन्द्र सरकारसम्मले नेपाली किसानले गरेका आन्तरीक उत्पादन बढवा दिने खालका नीति हुनुपर्छ ।'

मन्त्री पौडेलले नेपाली किसान र व्यवसायीलाई विदेशी आयातित वस्तुको प्रतिष्पर्धाबाट बचाउन नीतिगत सहयोग, स्वदेशी उत्पादनलाई प्रोत्साहन र प्लास्टिकका फूल जस्ता वातावरणीय तथा आर्थिकरुपमा हानिकारक वस्तुको प्रयोगलाई न्युनीकरण गर्ने वागमती प्रदेश सरकारको नीति रहेको बताए । उनले पर्वदेखि अन्य बेलापनि गोदावरी, सयपत्री, मखमलीको प्रयोगलाई प्रोत्साहन गर्दै स्वदेशी फूल उत्पादनलाई बढावा दिर्नुपर्नेमा जोड दिएका छन् ।

## खानेपानी तथा स्वच्छतासम्बन्धि तालिम

साझाकुरा संवाददाता



हेटौंडा, १९ चैत/ हेटौंडामा खानेपानी तथा स्वच्छतासम्बन्धि सामुदायिक कार्ययोजना प्रदर्शनीको पूर्वतयारीमा दुईदिने तालिम भएको छ ।

हेटौंडा उपमहानगर पालिका कार्यपालिकाको आयोजना र लुमन्ती आवासका लागि सहयोग समूह हात्तीवन ललितपुरको साझेदारीमा तालिम भएको हो । जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा भएको तालिममा हेटौंडा-११, सिमलटारका लक्षितवर्ग २० जनाको सहभागिता थियो । आवास, लघुवित्त, खानेपानी स्वच्छता र सरसफाइ, विपत् व्यवस्थापन क्षेत्रमा नेपालका करिब ३५ भन्दा बढी महानगर, उपमहानगर, नगरमा कामगर्दै आएको संस्थाले हेटौंडा र पोखरामा काम गर्ने योजनासाथ तालिम सञ्चालन गर्दै आएको लुमन्ती परियोजना प्रमुख उद्धव भट्टराईले जानकारी दिए ।

'आवासका लागि पनि हेटौंडामा काम गर्ने लक्ष्य राखेका छौं । सम्भावना भएसम्म हेटौंडामा १ सय आवास निर्माण गर्ने योजना छ,' आवास कार्यक्रम प्रमुख उपेन्द्र शाक्यले बताए । मानिसको जीवनस्तरमा सुधार ल्याउन आर्थिक, भौतिक, सामाजिक, शारीरिक, मानसिक, वातावरणमा परिवर्तन हुनुपर्ने लुमन्ती प्रशिक्षक राम डंगोलको भनाइ छ । हेटौंडाका विपन्न तथा लक्षित वर्गबीच उपमहानगर पालिका, वित्तीय तथा अन्य सरोकार वाला संघसंस्थासँग मिलेर काम गर्ने लक्ष्य रहेको संस्थाले जनाएको छ ।

## गोलेद्वारा आश्रममा २५ हजार बराबरको भोजन सहयोग



हेटौंडा, १९ चैत/हेटौंडा उपमहानगरपालिका-९ स्थित मानवसेवा आश्रममा आश्रय लिइर हेका २ सय ५० जनालाई एक युवकले एकछाकको भोजन गराएका छन् ।

मकवानपुरको बकैया गाउँपालिका-४ का २९ वर्षीय रामकुमार गोले र उनका पिता वीर बहादुर गोले आश्रममा पुगेर भोजन गराएका हुन् । विगत १० वर्षदेखि वैदेशिक रोजगारीका क्रममा दुबईमा कार्यरत गोलेले पछिल्लो समय सामाजिक सञ्जाल टिकटकमार्फत् अंग्रेजी विषयका सामग्री साझा गर्दै आएका छन् । उनका शैक्षिक भिडियो दर्शकले रुचाउन थालेपछि उनले विगत ५ महिनादेखि टिकटक लाइभमार्फत् नियमितरुपमा अंग्रेजी कक्षा सञ्चालन गर्दै आएका छन् ।

अनलाइन माध्यमबाट सुरु गरेको शिक्षणकार्यबाट प्राप्त आम्दानीलाई उनले समाजसेवामा लगाउँदै आएका छन् । सोही कार्यलाई निरन्तरता दिँदै उनले बुधबार मानवसेवा आश्रममा २५ हजार रुपैयाँ बराबरको भोजन सहयोग गरेका हुन् । साधारण परिवेशबाट उठेर प्रविधिको माध्यमबाट शिक्षा बाँड्दै समाजमा सकारात्मक परिवर्तन ल्याउने गोलेको प्रयास यतिबेला युवाको लागि प्रेरणाको स्रोत बनेको छ ।

## पाडापाडी संरक्षणमा गाउँपालिकाको चासो

हेटौंडा, १९ चैत/ मकवानपुरगढी गाउँपालिकाले पाडापाडी संरक्षणमा विशेष चासो देखाएको छ । पालिकाले पाडापाडी संरक्षण गर्नका लागि किसानलाई प्रोत्साहन गर्न थालेको हो ।


कृषि तथा पशुपालनका विभिन्नक्षेत्रमा अनुदान दिँदै आएको पालिकाले पाडापाडी संरक्षणबिना दूधको उत्पादनमा वृद्धि नहुने भन्दै यसक्षेत्रमा लागेका किसानलाई अनुदान दिनथालेको हो । दूध तथा मासुको उत्पादन बढाउनका लागि पाडापाडीपालन प्रवर्द्धन कार्यक्रमअन्तर्गत पालिकाले चालु आर्थिक वर्षका लागि बजेट विनियोजन गरी प्रस्ताव आह्वान गरेको छ । प्रदेश सरकारको सशर्त अनुदानअन्तर्गत प्राप्त १० लाख रुपैयाँ बजेटबाट यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ई. सुधन लामिछानेले जानकारी दिए ।

उनकाअनुसार, विशेषगरी वडा नं. ५ का किसान, उद्यमी, सहकारी तथा निजी फर्मलाई लक्षित गरी यो कार्यक्रम ल्याइएको हो । कार्यक्रमअन्तर्गत छनोट भएका प्रत्येक निजी फर्म वा समूहले ५० प्रतिशत लागत साझेदारीमा अधिकतम १ लाख रुपैयाँसम्म अनुदान प्राप्त गर्न सक्नेछन् । पाडापाडी संरक्षण र व्यावसायिक पालनमा रुचिराख्ने स्थानीय कृषकका लागि फागुन २७ गते सूचना प्रकाशित गरिएको थियो । चैत्र ३ गतेसम्म तोकिएकोमा दर्ता भएका प्रस्तावमाथि छलफल भइरहेको पशु तथा मत्स्य विकास शाखाप्रमुख सत्यनारायण साहले जानकारी दिए ।

प्रस्तावका साथमा निवेदकको नागरिकताको प्रतिलिपि, फर्म दर्ता तथा नवीकरणको प्रमाणपत्र, कार्ययोजना, तालिम वा अनुभवको प्रमाण, वडा कार्यालयको सिफारिसलगायतका आवश्यक कागजात पेश गर्नुपर्ने अनिवार्य गरिएको थियो । गाउँपालिकाले यो कार्यक्रममार्फत् पशुपालनक्षेत्रको आधुनिकीकरण र किसानको आर्थिकस्तर उकास्ने लक्ष्य लिएको पालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले बताए ।


आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

## संघीयता कसैको बपौती होइन, खारेज गर्ने दुस्साहस नहोस्: शरदसिंह यादव



काठमाडौं, १९ चैत/ जनअधिकार पार्टीका अध्यक्ष शरदसिंह यादवले संघीयताविरुद्ध संसद्मा उठेका आवाजप्रति आक्रोश व्यक्त गर्दै 'सस्तो लोकप्रियता'का लागि राजनीतिक स्टन्ट नगर्न चेतावनी दिएका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद् ज्ञानेन्द्र शाहीले प्रतिनिधिसभाको पहिलो बैठकमै संघीयता खारेजीको माग गरेका थिए । त्यसैको जवाफमा अध्यक्ष यादवले भिडियो सन्देशमार्फत् यस्तो चेतावनी दिएका हुन् ।

'संघीयता तपाईंको बपौती होइन,' उनले भनेका छन्, 'संघीयता ल्याउन तपाईंहरूको कुनै भूमिका थिएन, त्यसैले यसलाई चलाउने अधिकार पनि तपाईंहरूलाई छैन ।'

अध्यक्ष यादवले राप्रपा र त्यसका नेताहरूले जनतालाई भ्रममा पारेर सस्तो लोकप्रियता कमाउन खोजेको आरोप लगाए । 'राज ल्याउने एजेन्डा बोकेकाहरू आफैं चुनाव लडेर संसद्मा आउनु विरोधाभासपूर्ण कुरा हो । संसद् भित्र यस्तो नाटक मञ्चन बन्द गर्नुस्', उनले भने ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना